**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ६ गते मंगलबार ❑ 22 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## बजार अनुगमनमा व्यवसायीहरुलाई आतंकित नपार्न पोखरा उद्योग वाणिज्य संघको माग

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

पोखरा उद्योग वाणिज्य संघले तोकिएको भन्दा बढी मूल्य लिएर सामान बिक्री-वितरण गर्ने तथा उपभोक्ताको हित प्रतिकूल हुने कार्य नगर्न उद्योगी/व्यवसायीसँग आग्रह गरेको छ भने बजार अनुगमनको नाममा व्यवसायीलाई हतोत्साहित नपार्न सरोकारवाला निकायसँग माग गरेको छ।

संघको तर्फबाट अध्यक्ष शोभा गौतमसहितको प्रतिनिधिमण्डलले सोमबार कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई बुझाइएको ध्यानाकर्षण पत्रमा उद्योगी/व्यवसायीले वर्षौं लगाएर बनाएको ब्राण्ड नै ध्वस्त नगरियोस् भन्ने हाम्रो माग पनि गरिएको छ।

चाडबाड नजिकिँदै गर्दा सरकारी निकाय तथा केही संघ/संस्थाबाट गरिएको बजार अनुगमनको क्रममा केही व्यवसायीमाथि कारवाही गरिएका समाचार सार्वजनिक भएसँगै संघले प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराउँदै व्यवसायीको अधिकारको पक्षमा वकालत गरेको हो।

ध्यानाकर्षण पत्र बुझ्दै कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले बजार अनुगमनको क्रममा निजी क्षेत्रको सहभागिता सुनिश्चितताको पहल तथा उपभोक्ता हितबारे सचेतना



कार्यक्रम संचालनको पहल गर्ने आश्वासन दिए। निजी क्षेत्रलाई हतोत्साही बनाउने प्रशासनको उद्देश्य नभएको तर आपूर्ति प्रणाली चुस्त-दुरुस्त राख्दै उपभोक्तालाई सहजै उचित मूल्यमा गुणस्तरीय सामग्री उपलब्ध गराउन प्रशासन क्रियाशिल रहेको उनको भनाइ थियो। ध्यानाकर्षण पत्रमा बढी नाफा लिने प्रवृत्तिलाई निषेध गर्दै गुणस्तरीय बस्तुको उत्पादन र बिक्री-बितरणको सुनिश्चितता हुनुपर्ने बताउँदै अगाडि भनिएको छ,' व्यवसायलाई स्वच्छ, मर्यादित र उपभोक्ता हित अनुकूलको बनाउनका निम्ति हामी सरोकारवाला निकायहरुसँग सदैव सहकार्य गर्दै आइरहेको छ। तोकिएको भन्दा बढी मूल्य लिएर सामान बिक्री-वितरण गर्ने तथा उपभोक्ताको हित प्रतिकूल हुने कार्यको हामी भर्त्सना गर्दछौं तर संविधानको धारा १७ को उपधारा १ को 'च' ले दिएको अधिकारभित्र रही व्यवसाय गर्न पाउने अधिकारमा यो वा त्यो बहानामा धावा बोल्न मिल्दैन भन्नेमा हामी उत्तिकै दृढ छौं।' संविधानको सो धाराले नेपाली नागरिकलाई नेपालको कुनै पनि भागमा पेशा,रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता प्रदान गरेको छ। ध्यानाकर्षण पत्रमा संघ संविधानको धारा ४४ मा व्यवस्था भए अनुरुप उपभोक्ताको हितप्रति पनि उत्तिकै सचेत रहेको जिकिर पनि गरिएको छ।

चाडबाडको मुखमा, बढी भीडभाड हुने बेला गरिने अनुगमनले व्यवसायीलाई हतोत्साहित बनाएको जिकिर गर्दै संघले भनेको छ,' समयमा उपभोक्ता हितबारे सचेतनामूलक कार्यक्रम संचालन नहुनु,दुकान-कबलमा भीडभाड भएको बेला अनुगमन गरिनु तथा मानवीय स्वभाव वा असावधानीवशः भएका सामान्य त्रुटिमा टेकेर व्यवसायीको चरित्रहत्या हुने गरी प्रचार/प्रसार गराउनुलाई न्यायोचित मान्न नसकिने हाम्रो ठहर छ। कारवाहीको नाममा सोझै दण्ड-जरिवानाको रसिद काट्ने तथा सो कार्यलाई सार्वजनिक संचार माध्यममार्फत् प्रशारण गर्ने कार्यले व्यक्तिको कानूनी प्रतिरक्षाको अधिकारको हनन गरेको पनि हामीले महसुस गरेका छौं। कारवाहीको नाममा गरिने यस्ता कार्यबाट उद्योगी/व्यवसायीले वर्षौं लगाएर बनाएको ब्राण्ड नै ध्वस्त नगरियोस् भन्ने हाम्रो माग रहेको छ।'

संघकी अध्यक्ष गौतमको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलमा संघका वरिष्ठ उपाध्यक्ष दीनेशचन्द्र बास्तोला, उद्योग उपाध्यक्ष सौगात थापा,वाणिज्य उपाध्यक्ष मनोजकुमार श्रेष्ठ, महासचिव सुदीप प्रधानाङ्ग,कोषाध्यक्ष देवेन्सन प्रजू तथा उपमहासचिव प्रदीपराज राजभण्डारीको सहभागिता रहेको थियो।

संघको तर्फबाट नजिकिएका चाडबाडलाई केन्द्रमा राख्दै उपभोक्ताबाट हुने सम्भावित मागको आपूर्तिको लागि तयार रहन, चाडबाडलाई लक्षित गरी आफ्ना उत्पादन र सेवाहरुमा यथासक्य छुटको व्यवस्था गर्न र गुणस्तरीय बस्तुहरुको बिक्री-बितरणको व्यवस्था मिलाउन,कानूनले तोकेभन्दा बढी मूल्य तथा म्याद गुज्रेका सामान खरिद-बिक्री नगर्न तथा खरिद र बिक्री बिल चुस्त-दुरुस्त राख्नको लागि अनुरोध गरिएको महासचिव सुदीप प्रधानाङ्गले बताए।

## छानबिन समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

गण्डकी प्रदेश सरकारका निवर्तमान स्वास्थ्यमन्त्री लक्ष्मणबहादुर पाण्डे, स्वकीय सचिव यादव पौडेल र स्वास्थ्य मन्त्रालयका सचिव डा युवानिधि बसौलामाथि पोखराको पद्म नर्सिङ होम स्तरवृद्धिको अनुमति दिने विषयमा घूस लेनदेनको आरोप लागेपछि प्रदेश सरकारले छानबिन सुरु गरेको छ।

घूस लेनदेनको विषय सञ्चारमाध्यममार्फत बाहिरिएपछि आइतबारको प्रदेश सरकार मन्त्रिपरिषद्ले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिवको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको सरकारका प्रवक्ता एवं आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले जानकारी दिनुभयो। उक्त प्रकरणमा मुछिनुभएका स्वास्थ्य मन्त्रालयका सचिव डा बसौलालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा फिर्ता बोलाइएको छ। उक्त घटनाको छानबिन तथा अनुसन्धानका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरामा पत्रचारसमेत गरेको प्रवक्ता शेरचनले बताउनुभयो। छानबिन समितिलाई १५ दिनभित्र प्रतिवेदन बुझाउन कार्यादेश दिइएकोछ। समितिले अस्पतालको अनुमति/स्तरवृद्धिसम्बन्धी कानुनी व्यवस्था, प्रक्रियालगायतका विषयमा छानबिन गरी सुझावसहितको प्रतिवेदन पेस गर्नेछ। छानबिनबाट उक्त विषयको वैधानिकता र प्रक्रियागत अवस्था स्पष्ट नभएसम्म सम्बन्धित अस्पताल स्तरवृद्धिका लागि दिइएको अनुमतिको निर्णय कार्यान्वयन नगरी स्थगन गर्न स्वास्थ्य मन्त्रालयबाट प्रक्रिया अगाडि बढाइने भएको छ।

## भीमादबाटै राष्ट्रिय परिचयपत्रको सेवा प्रदान

**पोखरापत्र संवाददाता**
दमौली, ५ असोज

जिल्ला प्रशासन कार्यालयले भीमाद नगरपालिकाबाट राष्ट्रिय परिचयपत्र सेवा सुरु गरेपछि वरपरका चार पालिकाका सर्वसाधारण लाभान्वित भएका छन्।

सर्वसाधारणलाई सहज रुपमा सेवा दिने उद्देश्यले भीमाद नगरपालिकाबाट उक्त सेवा सुरु गरिएको हो। राष्ट्रिय परिचयपत्र विवरण दर्ताका लागि सदरमुकामस्थित प्रशासन कार्यालयमा आउनुपर्ने बाध्यताको अन्त्य गर्न नगरपालिकाबाटै सेवा सुरु गरिएको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिनुभयो।

जिल्लाका सबै पालिकाका सेवा सदरमुकामस्थित जिल्ला कार्यालयबाट मात्र प्रदान गरिदा सेवाग्राहीको अत्याधिक भीड हुन गई सबैले एकै दिन सेवा नपाउने भएपछि भिमाद नगरपालिकाबाटै उक्त सेवा सञ्चालन गरिएको उहाँले बताउनुभयो।

भीमादमा सुरु भएको सेवा वरपरका स्थानीय तह घिरिङ गाउँपालिका, ऋषिङ गाउँपालिका-५, ६, ७ र ८, म्याग्दे गाउँपालिका-५ का सर्वसाधारण लाभान्वित हुनेछन्। यसैबीच, राष्ट्रिय परिचयपत्र विवरण दिन कार्यालयमा सेवाग्राहीको चाप बढेपछि केही समय अगाडि

कार्यालयले बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म समेत सेवा दिएको थियो।

प्रमुख जिल्ला अधिकारी तिवारीले भन्नुभयो, "प्रशासन कार्यालयमा सेवाग्राहीको चाप घटाउन र ग्रामीण क्षेत्रका नागरिकलाई सहज रूपमा सरकारी सेवा उपलब्ध गराउने उद्देश्यले भीमादमा सेवा विस्तार गरिएको हो।" उहाँले स्थानीयस्तरमै परिचयपत्र उपलब्ध भएपछि सेवाग्राहीको समय र खर्च बचत तथा सेवा प्रवाहसमेत थप प्रभावकारी बन्ने हुने विश्वास व्यक्त गर्नुभयो।

## भोटेकोशी बाढी: पर्यटन क्षेत्रमा रु ५२ अर्बभन्दा बढीको क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट नेपालको पर्यटन क्षेत्रमा रु ५२ अर्ब ६७ करोड ४५ लाख ७६ हजार ५०० बराबरको क्षति भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले रसुवा बाढीपछि नेपाल पर्यटन बोर्डका सदस्य सहदेव धमलाको संयोजकत्वमा गठन गरेको द्रूत प्रतिक्रिया टोली (क्युआरटी)ले आज पर्यटनमन्त्री खडग राज पौडेललाई बुझाएको प्रतिवेदनमा उक्त क्षति भएको जनाइएको हो। प्रतिवेदनअनुसार बाढी तथा पहिरोबाट विशेषगरी रसुवा, नुवाकोट, धादिङ, गोरखालगायत क्षेत्रमा पर्यटन पूर्वाधार, होटल तथा पर्यटन व्यवसाय, यातायात पहुँच, पदमार्ग र पर्यटक व्यवस्थापनमा ठूलो क्षति पुगेको छ। क्युआरटीका संयोजक धमलाका अनुसार क्षेत्रगत रूपमा सबैभन्दा बढी होटल क्षेत्रमा रु १९ अर्ब ५६ करोड चार लाख ४८ हजार, वैदेशिक पर्यटन आम्दानीमा रु १४ अर्ब ६० करोड २४ लाख ६४ हजार र पर्यटक व्यवस्थापनमा रु १२ अर्ब २६ करोड ८४ लाख २४ हजार ५०० बराबरको क्षति भएको अनुमान छ। त्यस्तै, सम्पदा तथा पर्यटन पूर्वाधार, सवारीसाधन, रेस्टुरेन्ट, लाइटाङ क्षेत्रमा व्यावसायिक कारोबार, आन्तरिक पर्यटन राजस्व, र्‍याफ्टिङ तथा क्याम्पिङ साइट, ट्रेकिङ ट्रेललगायत क्षेत्रमा क्षति पुगेको क्युआरटीका संयोजक धमलाले जानकारी दिनुभयो। उहाँका अनुसार बाढी तथा पहिरोमा एक हजार ११७ जना नेपाली तथा विदेशी नागरिक प्रभावित भएका छन्।


हालसम्म ३१० जनाको सकुशल उद्धार गरिएको छ भने १३ जना सम्पर्कमा आएका छन्। हालसम्म ६०६ विदेशी र १८८ जना नेपालीसहित ७९४ जना सम्पर्कविहीन रहेका संयोजक धमलाले जानकारी दिनुभयो। घटना भएको करिब एक घण्टाभित्रै पर्यटक प्रहरी, ट्राभल तथा ट्रेकिङ कम्पनी र कैलाश-मानसरोवर टुर अपरेटर हरूसँग समन्वय गरी खोज तथा उद्धार कार्य सुरु गरिएको उहाँको भनाइ छ। प्रतिवेदनमा विपद् पछिको पर्यटन पुनरुत्थानलाई क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा मात्र सीमित नगरी भविष्यमा देखिन सक्ने जलवायुजन्य जोखिमलाई समेत ध्यानमा राखेर सुरक्षित तथा दिगो पर्यटन प्रणाली विकास गर्नुपर्नेमा जोड दिइएको छ।

प्रतिवेदन हस्तान्तरण कार्यक्रममा बोर्डका कार्यकारी सदस्य धमलाले बाढीपहिरोबाट पर्यटन व्यवसाय, होटल तथा पदमार्गमा ठूलो क्षति पुगेको बताउनुभयो। उहाँले बाढीप्रभावित व्यवसायीका लागि तत्काल राहत, कर छुट तथा सहुलियतपूर्ण पुनरुत्थान प्याकेज आवश्यक रहेको उल्लेख गर्नुभयो। संयोजक धमलाले वैकल्पिक पदमार्ग तथा यातायात पहुँच शीघ्र सञ्चालनमा ल्याउनाका साथै अन्तरराष्ट्रिय पर्यटन बजारमा नेपाल सुरक्षित र पर्यटकका लागि खुला रहेको सन्देश प्रभावकारी रूपमा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो। छलफलका क्रममा भोटेकोशी बाढीबाट प्रभावित पर्यटन क्षेत्रको पुनरुत्थान तथा पुनःस्थापनाका लागि आवश्यक कार्ययोजना अघि बढाउने विषयमा छलफल भएको थियो। सो क्रममा मन्त्री पौडेलले आगामी दिनमा हुनसक्ने विपद्का समयमा प्रभावकारी समन्वय, शीघ्र प्रतिकार्य तथा पर्यटन क्षेत्रको पुनरुत्थान प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाउन पुनरुत्थानको योजना मस्यौदा तयार गर्ने थप जिम्मेवारी सम्बन्धित समितिलाई दिनुभएको छ। उहाँले बाढी प्रभावित क्षेत्रमा अलपत्र परेका पर्यटकको शीघ्र उद्धार तथा क्षतिग्रस्त पर्यटन पूर्वाधारको पुनर्निर्माणलाई सरकारको प्राथमिकतामा राखेको बताउनुभयो।

मन्त्री पौडेलले नेपाल पर्यटन बोर्ड तथा निजी क्षेत्रसँगको सहकार्यमा तयार हुने संयुक्त कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आगामी पर्यटकीय यामअघि प्रमुख गन्तव्यमा सुरक्षा, सञ्चार तथा यातायात पहुँच पुनःस्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रारम्भिक प्रतिवेदनले पर्यटन क्षेत्रमा प्रमाणमा आधारित तथा एकीकृत सूचना प्रवाह, जलवायु-अनुकूल पर्यटन पूर्वाधार, पूर्वसूचना प्रणाली, पर्यटक प्रहरीको विस्तार तथा पर्यटन बिमा प्रणालीको संस्थागत विकास गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

पर्यटन बोर्डले सम्बन्धित सरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय, पर्यटन व्यवसायी तथा निजी क्षेत्रसँगको समन्वयलाई थप प्रभावकारी बनाउँदै पर्यटक सुरक्षा, विश्वसनीय सूचना प्रवाह र पर्यटन क्षेत्रको दिगो पुनरुत्थानलाई प्राथमिकतामा राख्ने जनाएको छ। कार्यक्रममा मन्त्रालयका सचिव मुकुन्द निरौला, सहसचिव तथा शाखा प्रमुखहरू, नेपाल पर्यटन बोर्डका निमित्त कार्यकारी निर्देशक हिक्मतसिंह ऐर, प्रतिनिधि तथा निजी क्षेत्रका प्रतिनिधिको सहभागिता रहेको थियो।

# ओसार पसार नियन्त्रणको संयोजकमा किरण

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

पोखरा महानगरपालिका वडा नं १३ मा मानव वेच विखन तथा ओसार पसार नियन्त्रण वडा स्तरिय समिति हालै गठन भएको छ।

वडा नं १३ को आयोजनामा भएको भेलाले समिति गठन गरेको हो । वडा नं १३ का वडा अध्यक्ष किरण वरालको संयोजकमा गठन समितिमा महिला प्रतिनिधि वडा सदस्य सुचित तामाङ, सिमान्तकृत तथा दलित समुदायबाट नाजगुन निशा, महिला समुहवाट सदस्य रामकुमारी पौडेल र बाल क्लव सदस्य अरुणा धिताल चयन भएका छन् । त्यसैगरी स्थानीय भित्रवाट भद्रकाली माविका प्रधानध्यापक यदुराज पगेनी, शहरी स्वास्थ्य केन्द्र वडा १३ का प्रमुख सत्यराज साँखी, माछापोखरी प्रहरी विटका प्रमुख कृष्ण वहादुर नेपाली, स्थानीय तहमा क्रियाशील संघ सस्थाको प्रतिनिधि सगीता विश्वकर्मा, मेलमिलाप कर्ताको तर्फवाट शर्मिला भट्टराई र सदस्य सचिव वडा १३ कि सचिव अञ्जु गुरुङ रहेका छन् । वाल तथा महिला सशक्तिकरण समाज नेपाल कास्की कि परियोजना अधिकृत इन्दिरा पराजुलीले कार्यक्रमको उद्देश्य वारे प्रकाश पार्नुको साथै कार्यक्रमको महत्ववारे प्रकाश परेकी थिइन् ।




वडा नं १३ का कार्यवाहक वडा अध्यक्ष शरीफ अलिमियाँको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य रजनी परियारले स्वागत गरेकी थिइन भने वडा सचिव अञ्जु गुरुङले संचालन गरेकि थिइन् ।

# एक महिनामा ५६ फरार प्रतिवादी पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

गत भदौ महिनामा कास्कीमा ५६ जना फरार प्रतिवादी पक्राउ परेका छन् ।

विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान नगरी फरार रहेका ४० पुरुष र १६ महिलालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

पक्राउ परेका प्रतिवादीलाई कैद सजाय र जरिवाना असुलका लागि अदालतमा बुझाइएको कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो ।

प्रतिवादीबाट ११ वर्ष तीन महिना २७ दिन कैद र रु २२ लाख ८९ हजार १७५ बिगो असुलउपर भएको उहाँको भनाइ छ। चेक अनादर, बिगो लेनदन, बैंकिङ कसुर, सवारी ज्यान कसुर, अभद्र व्यवहारलगायत कसुरमा अदालतको फैसलाबाट दोषी ठहर भई फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको हो।

प्रहरीले पछिल्लो समय फरार प्रतिवादीलाई कानुनी कारबाहीको दायरामा ल्याउन सक्रियता बढाएको छ। गत साउनमा ६७ जना फरार प्रतिवादी पक्राउ परेका थिए । कार्यालयले गत महिना चालु मुद्दामा ११५ जनालाई पक्राउ गरिएको जनाएको छ।

भदौमा अपराधसँग सम्बन्धित १६४ वटा मुद्दा दर्ता भएका थिए। तीमध्ये जघन्य तथा गम्भीर अपराधका २०, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित अपराधका नौ, आर्थिक अपराधका १७ र अन्य अपराधसँग सम्बन्धित ११८ मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ।

# डेङ्गु नियन्त्रण र अनुसन्धानका लागि विज्ञ समूह बागलुङमा

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ असोज

बागलुङमा फैलिएको डेङ्गु नियन्त्रण र अनुसन्धानका लागि सरकारी विज्ञ समूह परिचालन गरिएको छ।

गत साउनयतामात्रै जिल्लामा एक हजार ४०३ जनामा डेङ्गु सङ्क्रमण भएपछि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा तथा प्रादेशिक रोग नियन्त्रण महाशाखाको एक समूह बागलुङ बजारमा परिचालित भई नमूना सङ्कलन र अध्ययनमा लागेको हो। डेङ्गुको दीर्घकालीन समाधान गर्ने उद्देश्य राखेर समग्र अवस्थाको अनुसन्धान गर्न चार जनाको विज्ञ समूह बागलुङमा आएको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माले जानकारी दिनुभयो।



उहाँका अनुसार इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा गोकर्ण दाहालको नेतृत्वमा विज्ञ समूहले पछिल्लो तीन दिनयता बजारका घरघरमा पुगेर बिरामीको अवस्था बुझेको छ। यस्तै, धवलागिरि अस्पतालको अनुगमन, कीटको अवस्था परीक्षण तथा नमूना सङ्कलनलगायतका काम गरिरहेको छ । दाहालसँगै विज्ञ समूहमा इन्टोमोलोजिस्ट तथा विश्व स्वास्थ्य सङ्गठनका शिशिर पन्त, स्वास्थ्य सेवा विभागका कौशल सुवेदी हुनुहन्छ । “डेङ्गुको चार प्रजातिमध्ये कुन बढी फैलिएको छ भन्ने अध्ययन भइरहेको छ । अस्पतालमा आएका शङ्कास्पद बिरामीको नमूना सङ्कलन, अस्पतालमा परीक्षण भइरहेको कीटको अवस्था, डेङ्गु नियन्त्रणका लागि घरमै स्वास्थ्यकर्मी परिचालन भइरहेको छ”, कार्यालय प्रमुख शर्माले भन्नुभयो । डेङ्गुको अवस्था नियन्त्रणबाहिर जान नदिन विज्ञ समूह परिचालन गरेको महाशाखाले बागलुङलाई केन्द्रमा राखेर निगरानी र खोज-अनुसन्धान तीव्र बनाएको छ।

# भोटेकोशी बाढी: तमु धीं नेपालद्वारा ७० लाख ४७ हजार संकलन

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ असोज

भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि तमु धीं नेपालले सञ्चालन गरेको राहत सङ्कलन अभियानमा रु ७० लाख ४७ हजारबराबरको रकम जम्मा भएको छ।

गत भदौ १४ गतेदेखि सहयोग सङ्कलन अभियान सञ्चालनगरिएको तमु धींनेपालका अध्यक्ष हुमबहादुर गुरुङले जानकारी दिनुभयो। अभियानमा संस्थाको कार्यसमिति, विभिन्न समिति, तमु समाज, सङ्घसंस्था, भाइखलक तथा चेलीबेटी परिवारलगायतले सहयोग गरेको उहाँले बताउनुभयो । सङ्कलित रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुनेगरी गृहमन्त्री सुधन गुरुङलाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको अध्यक्ष गुरुङले जानकारी दिनुभयो। अभियानमा सहयोग गर्ने सबैलाई तमु धीं नेपालले धन्यवाद ज्ञापन गरेको छ।

# कालीगण्डकी ‘गर्ज’को सुरुङ निर्माण सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ असोज

एक सय ८० मेगावाट क्षमताको कालीगण्डकी ‘गर्ज’ जलविद्युत् आयोजनाको ‘अडिट’ सुरुङ निर्माण थालिएको छ।

कालीगण्डकी गर्ज हाइड्रोपावर प्रालि प्रवर्द्धक रहेको आयोजनाले म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ घरापस्थित विद्युत् गृह निर्माणस्थलबाट आजदेखि मुख्य सुरुङ जोड्ने ‘अडिट’ सुरुङ निर्माण सुरु गरेको हो। जलविद्युत् आयोजनाको मुख्य सुरुङमा पुग्ने पहुँचमार्गलाई ‘अडिट’ भनिन्छ।

आयोजनाका सामाजिक विकास, प्रशासन र जनसम्पर्क विभागका वरिष्ठ प्रबन्धक कृष्णदास श्रेष्ठले पहुँचमार्ग (अडिट) खनेर सकिएपछि चार ठाउँबाट मुख्य सुरुङ निर्माण गरिने जानकारी दिनुभयो । “भालेबासस्थित ४८५ मिटर लामो पहिलो नम्बर अडिटको तीन महिनामा १३० मिटर सुरुङ खनिएको छ,” उहाँले भन्नुभयो, “विद्युत्गृहको चौथो तथा अन्तिम अडिटको दूरी १७० मिटर हुनेछ।”

पाँच किलोमिटर छ सय मिटर मुख्य सुरुङ रहने आयोजनाले छिट्टै बाँध र गाडपारका थप दुई ठाउँबाट ‘अडिट’ सुरुङ खन्ने तयारी गरेको वरिष्ठ प्रबन्धक श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार अडिटसहित यस आयोजनाले सात किलोमिटर लामो सुरुङ बनाउने भएको छ । मुस्ताङको थासाङ गाउँपालिका-४ घाँसाको पहिरा थाप्लामा बाँध र म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ घरापमा विद्युत्गृह निर्माणको तयारी भएको छ । आयोजनाका निर्देशक रमण सिंहले आगामी चार वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाले बर्खालगत्तै बाँध, सुरुङ र विद्युत्गृह निर्माण कार्यलाई समानान्तर रूपमा अघि बढाउने बताउनुभयो। “सिभिल ठेकेदार ‘एन्जेलिक इन्टरनेसनल’ र साउथ एसियन इन्फ्रास्ट्रक्चर परिचालित भइसकेको छ,” उहाँले भन्नुभयो “बर्खायाम सकिएलगत्तै थप जनशक्ति र उपकरण परिचालन गरेर विद्युत्गृह र बाँध निर्माणको तयारी गरेका छौं।” ‘रन अफ द रिभर’ आयोजनाको एक किलोमिटर ‘पेनस्टक पाइपलाइन’ रहनेछ । विद्युत्गृहदेखि आउटलेटको उचाइ ४८० मिटर रहेको छ । प्रवर्द्धक कम्पनी, ठेकेदार र नेपाली सेनाको कार्यालय, आवास र विस्फोटक पदार्थ भण्डारण भवन तयार भएको छ । आठ किलोमिटर पहुँचमार्ग निर्माण भएको छ । आयोजनास्थलमा पुग्न गाडपारमा बेलिब्रिज जडानको तयारी भएको छ। घरापदेखि दानासम्म २२० केभी क्षमताको एक किलोमिटर प्रसारण लाइन निर्माण गरेर कालीगण्डकी गर्जको विद्युत् केन्द्रीय प्रणालीमा आबद्ध गराइने भएको छ। चालिस अर्ब लागत अनुमान गरिएको आयोजनामा ग्लोबल आइएमी बैङ्कको नेतृत्वमा लक्ष्मी सनराइज, हिमालयन र प्रभु बैङ्कको लगानी रहनेछ। अन्नपूर्ण गाउँपालिका-४ का वडाअध्यक्ष लोकबहादुर फगामीलगायत जनप्रतिनिधि, स्थानीय अगुवा, प्रवर्द्धक कम्पनी, निर्माण कम्पनी तथा सुरक्षा निकायका प्रतिनिधिहरूको उपस्थितिमा सुरुङ खन्न थालिएको छ। वडाअध्यक्ष फगामीले कालीगण्डकी गर्ज म्याग्दी जिल्लाको हालसम्मकै ठूलो जलविद्युत् आयोजना भएको बताउनुभयो । उहाँका अनुसार नारच्याङ भएर बग्ने नदीहरूमा १६२ मेगावाट क्षमताका पाँच वटा जलविद्युत् आयोजना निर्माण भएका छन् । पाँच मेगावाट क्षमताको घलेम्दीखोला, ४२ मेगावाट क्षमताको मिस्त्रीखोला, ३८ मेगावाट क्षमताको नीलगिरि-१, ७१ मेगावाट क्षमताको नीलगिरि-२ र छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना सञ्चालनमा छन्।

नारच्याङको सिमाना भएर बग्ने कालीगण्डकीमा ६६ दशमलव तीन मेगावाट क्षमताको मध्य कालीगण्डकी जलविद्युत् आयोजना निर्माणाधीन छ । नौ दशमलव १४ मेगावाट क्षमताको सुपर घलेम्दी जलविद्युत् आयोजना निर्माणको तयारी छ।

# अन्तरराष्ट्रिय शान्ति दिवस: जलवायु क्षतिपूर्ति सुनिश्चित गराउन माग

**रासस**
काठमाडौं, ५ असोज

‘शान्तिका लागि सद्भावः जलवायु न्याय हाम्रो अधिकार’ भन्ने आह्वानसहित शान्ति समाजले मुलुकका विभिन्न जिल्लामा प्रदर्शन तथा नागरिक संवाद कार्यक्रम गरेको छ।

मानव अधिकार तथा शान्ति समाजले ४५औं अन्तरराष्ट्रिय शान्ति दिवस (२१ सेप्टेम्बर) का अवसरमा आज माइतीघरमा आयोजित कार्यक्रममा ‘हिमालयको काखमा सुन्दर नेपालः छिमेकीहरूबाट खप्दै छ दोहोरो मार’, ‘रसुवा त्रासदीबाट सिक्नुपर्ने पाठः नदी किनाराका बस्तीहरूको वर्गीकरण र सुरक्षित पुर्नवास’, नारा लेखिएका प्लेकार्ड बोकेर प्रदर्शन गरिएको थियो।

प्रदर्शनका सहभागीले ‘सीमा पार हुने जलवायु तथा नदीजन्य जोखिम न्यूनीकरणका लागि नेपाल, चीन र भारतबीच सहकार्य एवं वैज्ञानिक सूचना साझेदारी आवश्यक’, ‘जलवायु न्यायको आवाजः केन्द्रविन्दुमा समता र मानव अधिकार’, प्रकृतिको स्वभाव अनुरूप सभ्यतालाई परिमार्जन गरौँ’, ‘ उद्धार राहत र पुनर्वासका लागि शीघ्र स्थायी संयन्त्र गठन गरौँ’, ‘हिमालय/नदीनालामैत्री नीति अवलम्बन गरौँ’, ‘विकास निर्माणको परम्परागत शैली पुनरावलोकन गरौँ’, ‘विनाशमुखी होइन संरक्षणमुखी विकासको मार्ग रोजौँ’, ‘विनाशबाट बच्ने संयन्त्र निर्माणमा विलम्ब नगरौँ’, ‘जलवायु शिक्षा पाठ्यक्रममा समावेश गरौँः जलवायु संस्कृति प्रवर्द्धन गरौँ’ भन्ने आह्वान गरेका छन्।

‘चुरे संरक्षण गरौँः मधेस मरुभूमीकरण हुनबाट रोकौँ’, ‘ भावी पुस्तालाई सुरक्षित प्रकृति हस्तान्तरण गर्ने दायित्व निर्वाह गरौँ’, ‘प्रकृतिमैत्री जीवन धारा अवलम्बन गरी अन्तरपुस्ता न्यायलाई सुनिश्चित गरौँ’, ‘संवेदनशील हिमालय क्षेत्रलाई अशान्त एवम् थप अस्थिर नबनाऔँ’, ‘पारिस्थितिक सन्तुलन कायम गरौँ, जलवायु न्याय सुनिश्चित गरौँ’, ‘सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने देशहरू नै जलवायु परिवर्तनका कारण हुने दुर्घटना र क्षतिका मूल जिम्मेवार भएकाले सोको क्षतिपूर्ति पनि तीनै राष्ट्रहरूले बहन गर्नुपर्छ’ लगायत सन्देशमूलक प्लेकार्डहरू प्रदर्शन गरिएको समाजका उपनिर्देशक सरिता पौडेलले जानकारी दिनुभयो। ‘हिमालयमा कुनै पनि प्रकोप हुनु भनेको हिमाद्रि, महाभारत, चुरेदेखि नेपालको समस्त तराई मधेसमा सङ्कट गहिरिनु हो’, ‘जलवायु परिवर्तनका कारण हुने आन्तरिक विस्थापन र जलवायु आप्रवासन लगायतका विषयमा राष्ट्रिय नीति तथा कानुन आवश्यक’, ‘सङ्घ, प्रदेश र स्थानीय तहमा जलवायु बजेटको प्रभावकारितासहित समन्वय आवश्यक, चाल्नी जस्तो चुरेको संरक्षण गरौँः तराई मधेसलाई बाढी र डुबानबाट बचाउ’, ‘जलवायु परिवर्तनका कारण सबैभन्दा मारमा परेका विपन्न, वञ्चित समुदाय तथा राष्ट्रलाई न्याय एवं संरक्षण गर’, ‘प्रकृतिमाथि न्याय गरः नेट जिरो लक्ष्य कायम गर’, जलवायु क्षतिपूर्ति सुनिश्चित गर’, ‘जलवायु न्याय सुनिश्चित गरः प्रकृति र भावी पुस्ताको भविष्यमाथि खेलबाड बन्द गर’, ‘जगत्मुखी, जीवनमुखी, सेवामुखी अभियान जलवायु न्यायका लागि शान्ति समाजको आह्वान’, ‘सद्भाव प्रवर्द्धनका लागि सहकार्यःसद्भाव बिथोल्नेहरूलाई दण्डित गर’ लगायत सन्देश प्रवाह गर्न प्रदर्शनी गरिएको उहाँले बताउनुभयो।

सोक्रममा शान्ति समाजको पाल्पा शाखाले असोज ४ गते र सुनसरी शाखाले नागरिक संवाद र सुर्खेत, चितवनसहितका करिब छ वटा शाखाले प्रदर्शन गरेका पनि उहाँले बताउनुभयो।

# पार्टीलाई नयाँ ऊर्जा र स्पष्ट मार्गसहित अघि बढाउने अध्यक्ष ओलीको भनाइ

**रासस**
काठमाडौं, ५ असोज

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई नयाँ ऊर्जा र स्पष्ट दिशासहित अघि बढाउने बताउनुभएको छ।

ललितपुरको भनिमण्डलमा एमालेको तेस्रो केन्द्रीय कमिटी बैठकलाई सोमबार सम्बोधन गर्दै उहाँले लोकतन्त्रका संस्थागत रक्षा गर्नु एमालेको पनि प्रमुख जिम्मेवारी भएकाले नयाँ योजनासहित राष्ट्र, जनताका पक्षमा निरन्तर लाग्ने बताउनुभयो। पार्टीको पुनःनिर्माण, लोकतन्त्रको रक्षा र राष्ट्रिय स्वाधीनताको संरक्षणलाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो। अहिले बसिरहेका बैठक केवल निर्वाचन परिणामको समीक्षा गर्ने थलो नभई पार्टीको अवस्था, कमजोरी र भावी दिशाबारे गम्भीर आत्मसमीक्षा गर्ने अवसर भएको उहाँले बताउनुभयो। अध्यक्ष ओलीले निर्वाचनबाट प्राप्त नतिजाबाट शिक्षा लिँदै पार्टीभित्रका कमजोरी पहिचान गर्न, जनतासँगको सम्बन्ध अझ बलियो बनाउन तथा सङ्गठनलाई सुदृढ गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो उहाँले भन्नुभयो, “गत फागुनमा सम्पन्न भएको निर्वाचनमा एमाले कमजोर भएको छ, तर यसको जरा सुकेको छैन।” अध्यक्ष ओलीले राजनीतिक स्थिरता नरुचाउने शक्ति अझै सक्रिय रहेका आरोप लगाउँदै सरकार र नेतृत्वविरुद्ध अफवाह, गलत सूचना, घृणा र अविश्वास फैलाउने प्रयास भइरहेकाले यसतर्फ सबै सचेत भई स्थायीत्व कायम गर्नुपर्नेमा जोड दिनुभयो । बैठकमा विभिन्न नौ कार्यसूचिमाथि छलफल हुने छ। बैठक यही असोज ७ गतेसम्म सञ्चालन हुनेछ।

**विपद्‌को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्‌को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- वालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्‌को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्‌को समयमा एक-आपसमा मनोबल बढाऔ, मानसिक स्वास्थ्य जोगाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# बेपत्ता परिवारमा थपिएको कानुनी अड्चन

भोटेकोसी बाढीमा बेपत्ता भएका व्यक्तिलाई कुशको प्रतिमा बनाएर दाहसंस्कार र काजकिरिया सम्पन्न भएका छन् । लास पाउने आश नभएकोले कुशको शब बनाएर दाहसंस्कार गर्ने गरिएको छ । बेपत्ता भएकालाई सरकारले मृतक सरह मानेको छ । सरकारले मृतक घोषणाको विधि र प्रक्रियाबारे निर्णय नगर्दा राहत, क्षतिपूर्ति र सुविधामा जटिल समस्या उत्पन्न भएको छ । मौजुदा मुलुकी देवानी संहिता ऐनमा १२ वर्षसम्म मृत घोषणा गर्न नसकिने कानुनको अव्यवहारिक व्यवस्थाका कारण पीडितका लागि जटिलता उत्पन्न भएको छ ।

भोटेकोसी बाढीपीडित क्षेत्रका स्थानीय तहले समेत बाधा अड्चन फुकाउन संघीय सरकारलाई आग्रह समेत गरेका छन् । मृत्युको आधिकारिक पुष्ट्याईं गर्न समस्या हुँदा पीडित परिवार थप पीडामा परेका छन् । एकातिर आफन्तलाई गुमाउनुपरेको छाअर्कोतिर बचेकाले सम्पत्ति किनबेच गर्न नपाउने र अन्य सम्पत्ति प्रयोग गर्न नपाउनु थप पीडा हो। बेपत्तासम्बन्धी कानुनी प्रावधानका कारण बाढीपीडित परिवारले काजकिरिया, राहत, नामसरी, पेन्सनपट्टा, बिमा रकमलगायतमा दाबी लिन अन्योल भएको छ । यो समस्या सत्तामा बस्नेले नभोगेसम्म सहजीकरण हुनसक्दैन । बेपत्ताका पीडित परिवारले स्थानीय नगरपालिका, गाउँपालिका र वडामा गुनासा राख्ने गरेका छन् । सरकारी सुविधा र अधिकारबाट वञ्चित भई थप पीडामा परेको भनाइ पीडितबाट आइरहेको छ । तर, संघीय सरकारबाट बाधा अड्चनबाट निकास दिन अहिलेसम्म कुनै निर्णय भएको छैन । वर्तमान जटिलतालाई तत्काल निकास दिन कम्तिमा स्थानीय पालिकालाई मृत्यु प्रमाणित गर्न सक्ने अधिकार दिइनुपर्ने उनीहरुको माग छ । यो जायज र व्यवहारिक माग हो ।

नेपाल प्रहरीले भदौ २६ मा सार्वजनिक गरेको तथ्याङ्कअनुसार नुवाकोट र रसुवामा भदौ १० को भोटेकोसी बाढीमा परेकामध्ये अझै चार हजार ८९ जना बेपत्ता छन् । बेपत्ता हुनेमा नेपाली नागरिक दुई हजार ९०७ पुरुष र ५७२ महिला छन् । एक हजार ३८६ जनाको मृत्यु पुष्टि भएको छ । बेपत्ताको समस्या संख्याको विषय होइन । पीडा माथि पीडा हो । यसको छिटो निकास दिनु पीडितलाई पीडामा नपार्ने काम हो ।

प्राकृतिक विपत्तिको मारमा परेका नागरिकलाई सहयोगका साथै न्याय दिन प्राथमिकता दिनु पनि राज्यको प्राथमिक दायित्व हो। यसैले सरकारले तुरुन्तै व्यावहारिक मापदण्ड बनाई भोटेकोसीका बाढीपीडितलाई कानुनी अल्झनबाट छुटकारा दिलाउनै पर्छ । यसैले कम्तीमा भोटेकोसी बाढी पीडितका हकमा मात्र भने पनि गृह मन्त्रालयले स्थानीय पञ्जिकाधिकारीको बाधा तत्काल फुकाउन पहल गरेर नागरिकको पीडा कम गर्ने काम धर्म गरेको महसुस गर्नेछन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाव | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तनहुँमा ३६ करोड ४८ लाख राजस्व संकलन

पोखरापत्र संवाददाता
दमौली, ५ भदौ

भूमि प्रशासन कार्यालय तनहुँले आर्थिक वर्ष २०८२/८३ मा रु ३६ करोडभन्दा बढी राजश्व सङ्कलन गरेको छ ।

कार्यालयले रजिष्ट्रेशन दस्तुर, पुँजीगत लाभकर तथा अन्य शीर्षकबाट गरी रु ३६ करोड ४८ लाख ६३ हजार ८ सय ४१ राजश्व सङ्कलन गरेको हो ।

भूमि प्रशासन कार्यालय तनहुँका प्रमुख राजेन्द्रप्रसाद पौडेलका अनुसार गत आर्थिक वर्षमा कार्यालयले सबैभन्दा बढी रजिष्ट्रेशन दस्तुरबाट राजस्व सङ्कलन गरेको छ । उक्त कार्यालयले रजिष्ट्रेसन दस्तुरबापत मात्रै रु १७ करोड १५ लाख २८ हजार ८५४ सङ्कलन गरेको उहाँले जानकारी दिनुभयो । त्यस्तै पुँजीगत लाभकरबापत रु १३ करोड ४२ लाख ८४ हजार ४९९ र अन्य राजस्व शीर्षकबाट रु ५९ लाख पाँच हजार १४८ सङ्कलन भएको छ । कार्यालयले गत आर्थिक वर्षमा दूलो सङ्ख्यामा जग्गासम्बन्धी प्रशासनिक तथा कानुनी प्रक्रिया सम्पन्न गरेको छ । कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा नौ हजार ९३६ वटा लिखत पारित भएका छन् । यस अवधिमा ९८७ वटा नामसारी, ३८४ वटा संशोधन, १८७ वटा दाखिला खारेज र ३५ वटा छुट दर्ताको काम सम्पन्न भएको प्रमुख पौडेलले बताउनुभयो । कार्यालयका अनुसार जग्गा कारोबार तथा सम्पत्तिसम्बन्धी सेवाग्राहीको कामलाई प्रभावकारी र व्यवस्थित बनाउँदै सेवा प्रवाहसँगै राजस्व सङ्कलनको कामलाई निरन्तरता दिइएको छ ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट वडा नं. १, साविक दुदिलाभाटी गा.वि.स. वडा नं ८ निवासी भारतिय भू.पू. नं. १५०६७१ का गणेश बहादुर भण्डारीकी एकमात्र श्रीमती लक्षीमा भण्डारीको नेपाली नागरिकता प्रमाणपत्र नं. नाम थर लक्षीमा भण्डारी भएको र निजको पतिको पेन्सनपट्टमा श्रीमतीको नाम थर लक्ष्मी कुमारी उल्लेख भई फरक परेतापनि उल्लेखित दुई नाम थर लक्षीमा भण्डारी र लक्ष्मी कुमारी भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी गलकोट नगरपालिका, १ नं. वडा कार्यालय, दुदिलाभाटी, बागलुङको च.नं. ५९, मिति २०८३/०४/२५ गतेको पत्रबाट सिफारिस भई आएको र नेपाली नागरिकता प्रमाणपत्रमा जन्म मिति वि.सं. २००४/०८/१५ भएको र निजको पतिको पेन्सन डकुमेन्टमा श्रीमतीको जन्म मिति ई.सं. १९४७/११/३० उल्लेख भई फरक परेतापनि उल्लेखित दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी गलकोट नगरपालिका, १ नं. वडा कार्यालय, दुदिलाभाटी, बागलुङको च.नं. ११३, मिति २०८३/०५/२५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी



**एउटै व्यक्ति भएको सूचना**






कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९ निवासी भारतीय भु.पु. सै. नं. 5744666A,7/8 GR का नायक थाला बहादुर थापाको माग निवेदन अनुसार निजको श्रीमती चन्द्र कली पाण्डे थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर चन्द्र कली पाण्डे थापा र जन्ममिति वि.सं. २००८।०५।०६ (ई.सं.१९५१।०८।२२) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर चन्द्रकली थापा र जन्ममिति वि.सं. २०११।०५।२८ (ई.सं.१९५४।०९।१३) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं.७५५ मिति २०८३।०६।०२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



**एउटै व्यक्ति भएको सूचना**



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं २९ निवासी भारतीय भु.पु.सै.नं.५२३६९७४ का राइफल मेन दम बहादुर घलेको माग निवेदन अनुसार निजको श्रीमती बेल सुभा घलेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर बेल सुभा घले र जन्ममिति वि.सं. २००२।११।०४(ई.सं.१९४६।०२।१५) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर बेल सुवा घल्नी (Bel Suba Ghalni) र जन्ममिति ई.सं.१९५२।०८।३० उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका२९ नं. वडा कार्यालयको च.नं.६१० मिति २०८३।०५।२२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**


# साउदी छाडेर गाईभैँसीपालन, दूध बेचेरै मासिक एक लाख आम्दानी

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज



वैदेशिक रोजगारीबाट फर्किएर गाईभैँसीपालन गर्दा के-कति आम्दानी होला ? भन्ने जिज्ञासा मनमा थियो । मिहिनेत गरे फल कसो प्राप्त नहोला त भनेर सुरु गरेको कामबाट आज पर्वतको जलजला गाउँपालिका-८ लस्तीका तोपबहादुर क्षेत्रीलाई नाम र दाम दुवै प्राप्त भएको छ । उहाँले दूध बेचेर मासिक रु एक लाखभन्दा बढी आम्दानी गर्न सफल हुनुभएको छ ।

तेह्र वर्ष साउदी अरबमा सवारी चालकका रूपमा काम गरेर फर्किनुभएका क्षेत्रीले विसं २०७३ देखि 'गोमा गाईभैँसी फार्म' सञ्चालन गर्दै आउनुभएको छ । साउदीमा बिरामी भएपछि स्वदेश फर्किनुभएका उहाँले अन्य रोजगारीको विकल्प नदेखेपछि तीनवटा गाईभैँसीबाट पशुपालन सुरु गर्नुभएको थियो । हाल १४ वटा गाईभैँसी रहेका उहाँको फार्मबाट दैनिक रु दुई हजार ७०० मूल्यबराबरको ९० लिटर दूध बिक्री हुने गरेको छ ।

पशुको दाना, औषधि, व्यवस्थापनलगायत खर्च कटाएर मासिक रु एक लाखभन्दा बढी बचत हुने गरेको उहाँको भनाइ छ । क्षेत्रीले मोही, पनिर र घिउसमेत उत्पादन गरी बिक्री गर्नुहुन्छ ।

"अहिले व्यवसायमा घाटा छैन । मिहिनेत गर्नुपर्छ, त्यसअनुसार आम्दानी पनि हुन्छ", क्षेत्रीले भन्नुभयो, "पहिला पैसा र व्यक्तिगत खर्चका लागि अरुको भर पर्नुपर्थ्यो । अहिले आफ्नै व्यवसायबाट घरखर्च चलाउनुका साथै बचत गर्न सकेको छु ।" पशुपालनकै आम्दानीबाट उहाँले तीन छोराछोरीलाई विदेश पठाउँदा लागेको ऋणसमेत तिर्नुभएको छ । व्यवसाय विस्तारका क्रममा करिब रु ६० लाखसम्म ऋण लागेको भए पनि पशुपालनबाट भएको आम्दानीले ऋण व्यवस्थापन गर्न सहज भएको उहाँले बताउनुभयो ।

फार्ममा तोपबहादुर र श्रीमती गोमा स्वरोजगार बन्नुका साथै एक जनालाई रोजगारी दिनुभएको छ । कोरोना महामारीका समयमा बजारमा दूध लैजान नपाउँदा उत्पादन खेर गएर घाटा व्यहोर्नुपरेको उहाँले स्मरण गर्नुभयो । सुरुआती अवस्थामा पशुपालनसम्बन्धी ज्ञान र व्यावसायिक योजना नभएका कारण विभिन्न समस्या झेल्नुभएका क्षेत्रीले पछिल्लोपटक गण्डकी प्रदेश सरकार र दायित्व संस्थामार्फत जलजला गाउँपालिकामा सञ्चालन भएको वृद्धिमुखी उद्यमशीलता विकास परियोजनाबाट प्राविधिक ज्ञान, सीप र अनुदान प्राप्त गर्नुभएको छ । तालिम तथा व्यावसायीक ज्ञान हासिल गरेपछि फार्मको व्यवस्थापनमा सुधार आएको उहाँले बताउनुभयो ।

छिमेकी र आफन्तले समेत व्यवसायप्रति विश्वास नगरेको अवस्थामा निरन्तर मिहिनेत र अनुभवबाट फार्मलाई अहिलेको अवस्थामा ल्याउन सफल भएको उहाँको भनाइ छ । "पहिला धेरैले यो व्यवसाय चल्दैन भन्थे । आफूलाई पनि पशुपालनको ज्ञान थिएन", उहाँले भन्नुभयो, "तर विस्तारै सिक्दै, अभिलेख राख्दै र बजार बुझ्दै गएपछि व्यवसायप्रति विश्वास बढ्यो ।" फर्से, लस्तीका किसानले उत्पादन गर्ने दूध स्थानीय सङ्गम दूध उत्पादन तथा कृषि सहकारी संस्थाले सङ्कलन गरेर बागलुङमा बजारीकरणको व्यवस्था मिलाएको छ ।

कुल ४० किसानबाट दैनिक ६०० देखि ८०० लिटर दूध खरिद गरी बागलुङ पुर्‍याएर बिक्री गर्ने व्यवस्था मिलाएको संस्थाका सचिव खड्ग केसीले बताउनुभयो । गाउँपालिकाले प्राविधिक सहयोग र प्रदेश सरकारअन्तर्गतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले सहकारी संस्थामार्फत प्रतिलिटर रु पाँचका दरले अनुदान दिने गरेको छ । फार्ममा गाईभैँसीको सङ्ख्या बढाएर ३० वटा पुर्‍याउने खत्रीको योजना छ । उत्पादन बढाउनुका साथै दूधजन्य परिकारको उत्पादन र बजारीकरणलाई विस्तार गर्ने उहाँले बताउनुभयो । पशुपालन व्यवसायमा दक्ष कामदारको अभाव भने मुख्य चुनौतीका रूपमा रहेको क्षेत्रीको भनाइ छ । नियमित हेरचाह, दानापानी र सरसफाइमा निरन्तर श्रम आवश्यक पर्ने भएकाले दक्ष जनशक्ति नपाउँदा समस्या हुने गरेको उहाँले बताउनुभयो ।

विदेशमा वर्षौं बिताएर स्वदेश फर्किएका क्षेत्रीका लागि अहिले गाईभैँसी फार्म वैकल्पिक रोजगारीमात्रै नभई परिवारको आर्थिक अवस्था परिवर्तन गर्ने आधार बनेको छ । तीनवटा गाईभैँसीबाट सुरु भएको व्यवसायले अहिले नियमित आम्दानीको स्रोत बनाउँदै परिवारको आर्थिक हैसियतसमेत बदलिएको उहाँ बताउनुहुन्छ ।

# दमौली-भरतपुर २२० केभी प्रसारण लाइन : रुख कटानको स्वीकृति

पोखरापत्र संवाददाता
दमौली, ५ असोज

१४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनाअन्तर्गत निर्माण भइरहेको दमौली-भरतपुर २२० केभी प्रसारण लाइनका लागि तनहुँतर्फका सबै सामुदायिक वनमा रुख कटानको आवश्यक कानुनी स्वीकृति प्राप्त भएको छ ।

आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार प्रसारण लाइनअन्तर्गत जिल्लामा पर्ने रुखको छपान तथा टाँचा लगाउने कार्य सम्पन्न भएपछि डिभिजन वन कार्यालयले थप १२ सामुदायिक वनमा प्रवेश गरी रुख कटान गर्ने स्वीकृति प्रदान गरेको हो । यससँगै प्रसारण लाइन क्षेत्रभित्र पर्ने जिल्लाका सबै १७ सामुदायिक वनमा रुख कटानका लागि आवश्यक स्वीकृति प्राप्त भएको छ । प्रसारण लाइन क्षेत्रअन्तर्गत देवघाट गाउँपालिकामा पाँच, बन्दीपुर गाउँपालिका र व्यास नगरपालिकामा छ/छ वटा सामुदायिक वन रहेका छन् । चितवनतर्फ भने रुख कटानको जारी रहेको आयोजना प्रमुख भण्डारीले बताउनुभयो ।

दमौली-भरतपुर २२० केभी प्रसारण लाइन निर्माणको प्याकेज-३ अन्तर्गत करिब ३५ किलोमिटर क्षेत्रमा ९४ टावर निर्माण गर्नुपर्नेछ । निर्माण व्यवसायी केइसी इन्टरनेशनल लिमिटेड भारतले हालसम्म ८३ वटा टावरको जग हाल्ने तथा ८० वटा टावर जडान गर्ने कार्य सम्पन्न गरेको छ । आयोजना प्रमुख भण्डारीका अनुसार प्याकेज-३ को समग्र निर्माण प्रगति ८२ प्रतिशत पुगेको छ । रुख कटानका लागि आवश्यक स्वीकृति प्राप्त भएसँगै प्रसारण लाइन निर्माणको बाँकी कामलाई थप गति दिन सहज हुने आयोजनाको अपेक्षा छ ।आयोजनाको तीन प्याकेजमा काम भइरहेको छ । प्याकेज एक बाँधलगायतका संरचना निर्माणका लागि सोङ्दा कालिका जेभीमार्फत् काम भइरहेको छ । यो प्याकेजमा ६३ प्रतिशत प्रगति रहेको छ । आयोजनाको प्याकेज दुई विद्युतगृह तथा सम्बन्धित उपकरणहरूमा सिनो हाइड्रो कर्पोरेसनले चीनले काम गरिरहेको छ ।

यो प्याकेजमा ७९ प्रतिशत प्रगति रहेको छ । आयोजनाको समग्र प्रगति भने ७८ प्रतिशत रहेको जनाइएको छ ।


**एउटै व्यक्ति भएको सूचना**



तनहुँ जिल्ला गण्डकी प्रदेश साविक ढोफिर्दी-१, शुक्लागण्डकी नगरपालिका वडा नं.-९, बस्ने भारतीय भु.पु. सैनिक नं. ५३४५३७९ टि.यस. नं. १७२७७६ दर्जा नायक पल्टन २/४ जि.आर.का झम्क बहादुर थापाको श्रीमती श्याम कुमारी थापाको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर श्याम कुमारी थापा जन्म मिति २०२०/०८/०६ (ई.सं. १९६३/११/२२) भएको तथा निजको पतिको पेन्सन अभिलेखमा नामथर श्यामा कुमारी मात्र र जन्म मिति वि.सं. २०२३/०२/०३ (ई.सं. १९६६/०५/१६) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी नगरपालिका वडा नं.-९ को वडा कार्यालयको च.नं. १८५, मिति २०८३/०५/१८ गतेको पत्रबाट सिफारिस भइ आएकोले सोही व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# एन प्याब्सन कास्कीमा आवद्ध ६ विद्यालयबाट बाढीपीडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

नेसनल प्याब्सन कास्कीमा आवद्ध ६ विद्यालयले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नगारिकहरुको राहत तथा पुनःस्थापनका लागि सहयोग रकम हस्तान्तरण गरेका छन् ।

बाढीपहिरोबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले एन प्याब्सन कास्की मार्फत विभिन्न विद्यालयले प्रधानमन्त्री राहत कोषमा सहयोग रकम हस्तान्तरण गर्ने गरी सहयोग गरेका हुन् ।

यसरी सहयोग हस्तातरण गर्नेमा पोखरा-५ मा रहेको हिलसाइड इङ्लिस सेकेन्डरी स्कुलबाट ५१ हजार १ सय ११ रुपैया सहयोग गरेको छ । उक्त रकम विद्यालयका प्रिन्सिपल डिल्लिराम भट्टराई र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बावुराम बरालले एन प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष याम खड्का, कास्कीका अध्यक्ष मनकाजी गुरुङ, उपाध्यक्ष राजु केसी, कोषाध्यक्ष राजु कायस्थलाई हस्तान्तरण गरेका थिए । पोखरा- २ मा अवस्थित लाविन रेसिडेन्सियल स्कुलबाट विद्यालयका सञ्चालक समिति अध्यक्ष दिपु भारी र विद्यालयका प्रिन्सपल रोजीना श्रेष्ठले ७७ हजार ७ सय ७७ रुपैया एन प्याब्सन कास्कीलाई हस्तान्तरण गरेका छन् । यसअघि विद्यालयको तर्फबाट प्रधानमन्त्री राहतकोषमा १ लाख १ रुपैया सहयोग गरिसकेको छ । त्यस्तै पोखरा-२६ मा अवस्थित अल्फा एकेडेमीबाट विद्यालयका प्रिन्सिपल रमेशराज पौडेल, एकेडेमीक डिन सञ्जीव पौडेल र अल्फा बाल क्लबकी अध्यक्ष रोजीना पुरीले ७१ हजार, पोखरा-२६ को ओएसिस सेकेण्डरी स्कुलबाट विद्यालयका प्रिन्सिपल हेम रानाभाट, सञ्चालक महेन्द्र पौडेल, भाइस प्रिन्सिपल सुविन तिम्सिनाले ५१ हजार ५ सय एन प्याब्सन कास्कीलाई हस्तान्तरण गरेका छन् । त्यसैगरी पोखरा-२९ को होली माउन्ट इङ्लिस स्कुलबाट विद्यालयका प्रिन्सिपल तोलाकान्त पौडेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तोष कुमार गुरुङले ५१ हजार ५ सय र पोखरा-३२ मा अवस्थित ज्ञानज्योति विद्याकुञ्ज मा.वि. बाट प्रिन्सिपल अर्जुनप्रसाद अधिकारी, एकेडेमीक डिन टंकराज सुवेदी, सञ्चालक मित्र बन्धु सुवेदीले ४० हजार रुपैया एन प्याब्सन कास्कीलाई हस्तान्तरण गरेका छन् । यस अघि ज्ञानज्योतिले नेपाल रेडक्रस सोसाईटी मार्फत २५ हजार रुपैया सहयोग गरिसेको छ । ती विद्यालयले विद्यालय प्रशासन विद्यालयका कर्मचारी, विद्यार्थी मार्फत रकम संकलन गरेका थिए ।



रसुवा जिल्लामा प्राकृतिक विपद्का कारण प्रभावित बनेका नागरिकको राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले यी विद्यालयले एन प्याब्सन कास्की मार्फत प्रधानमन्त्री राहतकोषमा रकम जम्मा गर्ने गरी हस्तान्तरण गरेका हुन् ।

एन प्याब्सन कास्कीका अध्यक्ष मनकाजी गुरुङका अनुसार बाढीपहिरोका कारण प्रभावित परिवारलाई राहत उपलब्ध गराउने मानवीय उद्देश्यले विद्यालय तथा शैक्षिक संस्थाहरूबाट संकलित रकम केन्द्रीय समिति मार्फत प्रधानमन्त्री राहत कोषमा जम्मा गरिने जानकारी दिए । विपद्का बेला निजी तथा संस्थागत विद्यालयले सामाजिक उत्तरदायित्व बहन गर्दै प्रभावित समुदायलाई गरेको सहयोग उल्लेखनिय रहेको उनको भनाई थियो । अध्यक्ष गुरुङले प्राकृतिक विपद्बाट ठूलो जनधनको क्षति हुने भएकाले पीडितको तत्कालीन आवश्यकता सम्बोधनसँगै दीर्घकालीन पुनःस्थापनामा समेत सबै पक्षको सहकार्य आवश्यक रहेको बताए। उनले विद्यार्थी, अभिभावक, शिक्षक तथा विद्यालय व्यवस्थापनको सामूहिक प्रयासबाट संकलित सहयोगले विपतमा परेका नागरिकलाई केही राहत पुग्ने विश्वास व्यक्त गरे । एन प्याब्सन कास्कीले आगामी दिनमा पनि सामाजिक तथा मानवीय कार्यमा आफ्नो संस्थागत सहभागिता निरन्तर राख्ने जनाएको छ। बाढीपहिरोजस्ता विपद्का समयमा प्रभावित नागरिकलाई सहयोग गर्न शैक्षिक संस्था, स्थानीय समुदाय, निजी क्षेत्र तथा विभिन्न संघसंस्थाबीच सहकार्य आवश्यक रहेको अध्यक्ष गुरुङको भनाइ छ । कार्यक्रममा सहभागी विद्यालय तथा प्रतिनिधिहरूले विपद् प्रभावितको राहत र पुनःस्थापनाका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# एन प्याब्सनको भाषा ज्ञानमा मर्निङ ग्लोरी अब्बल

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

नेशनल प्याब्सन कास्कीको जिल्लास्तरीय नेपाली भाषा ज्ञान प्रतियोगितामा पोखरा ३३ को मर्निङ ग्लोरी एकेडेमीले दुई तहमा प्रथम स्थानतथा एक तहमा द्वितीय स्थान हाँसिल गरी अब्बल बन्न सफल भएको छ ।




नेशनल प्याब्सनमा आबद्ध विभिन्न विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको र तीन तहमा तहगत रुपमा सम्पन्न प्रतियोगितामा कक्षा १-५ तर्फ र कक्षा ९-१० तर्फ दुवैमा मर्निङ ग्लोरी एकेडेमी प्रथम भएको थियो भने कक्षा ६-८ तर्फ द्वितीय स्थान हाँसिल गर्न सफल भएको थियो । प्रतियोगिता अन्तर्गत कक्षा १-५ तर्फ रिलायन्स पब्लिक स्कुल द्वितीय, एकता आवासीय विद्यालय तृतीय र पिनाकल एकेडेमीले चतुर्थ स्थान हाँसिल गरे । त्यस्तै कक्षा ६-८ तर्फ लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुल प्रथम भएको छ । पिनाकल एकेडेमी तृतीय तथा शिलशिला इङ्लिस स्कुल चतुर्थ भए । कक्षा ९-१० तर्फ रिलायन्स पब्लिक स्कुल द्वितीय, डाइनामिक एकेडेमी तृतीय तथा शिलशिला इङ्लिस स्कुल चतुर्थ भए ।

प्रतियोगिताको उद्घाटन पोखरा महानगरपालिकाका शिक्षा अधिकृत जीवनप्रसाद रेग्मीले गरेका थिए । उनले नेपाली भाषालाई थप मजबुत बनाउन र विद्यार्थीहरुलार्य भाषिक शुद्धताका लागि पनि प्रतियोगिता सहयोगी बनेको धारणा राखे । उत्कृष्ट स्थान हाँसिल गर्ने विद्यालयहरूलाई पुरस्कार तथा ट्रफी प्रदान गर्दै भविष्यमा पनि विद्यार्थीहरूबीच स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्दै उनीहरूको बौद्धिक क्षमता अभिवृद्धि गर्ने प्रतियोगिता सञ्चालन हुने अपेक्षा गरे । नेशनल प्याब्सन कास्कीका अतिरिक्त क्रियाकलाप प्रमुख एवम् कोषाध्यक्ष कमल थापाले सञचालन गरेको कार्यक्रममा उपाध्यक्ष विकल पौडेलले स्वागत गरेका थिए । कार्यक्रममा केन्द्रिय सहकोषाध्यक्ष शिबदत्त तिवारी र केन्द्रिय कार्यक्रम संयोजक कमल रानाभाटले शुभकामना मन्तव्य राखे ।

प्रतियोगितामा विशेषज्ञका रूपमा नेपाली भाषा शिक्षक परिषद कास्कीबाट शिबहरि सुवेदी,लोकचन्द्र खनाल र शशि शिशिर ढुङ्गानाले सहजीकरण गरेका थिए। कार्यक्रम नेशनल प्याब्सन कास्कीका अध्यक्ष रोसन कोइरालाको अध्यक्षतामा भएको थियो ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



प्रस्तुत विषयमा यस जिल्लास्थित साविक माझफाँट गा.वि.स. वडा नं ४ हाल जलजला गाउँपालिका वडा नं. ४ बस्ने भारतीय सेनाका भु.पु. सैनिक नं. ४३५८०१२ X NK हिरा बहादुर थापा (ने.ना.प्र.प.मा नामथर हिरा बहादुर जि.सी.) को श्रीमती गीता थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गीता घर्ती क्षेत्री, जन्ममिति वि.सं. २०२४।०३।२५ उल्लेख भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर गीता थापा, जन्ममिति सन् १९६६-०२-२४ उल्लेख भई नामथर र जन्ममिति फरक भएता पनि दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी जलजला गाउँपालिका ४ नं. वडा कार्यालय, पर्वतको च.नं. १७० मिति २०८३।०५।२६ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी


# सहयोग जुट्दै, आफ्नै भवनमा सर्दै मानवसेवा आश्रम

**पोखरापत्र संवाददाता**
लमजुङ, ५ असोज

वर्षौंदेखि भाडाको घरबाट सेवा दिँदै आएको मानवसेवा आश्रम अब आफ्नै भवनमा सर्ने तयारी गरेको छ ।

बैंसीसहर नगरपालिका-९ पाखाथोकमा निर्माण भइरहेका संरचनाको बाँकी काम पूरा गरी आगामी मङ्सिरसम्म आश्रमलाई आफ्नै भवनमा सार्ने लक्ष्य राखिएको छ । पाखाथोकमा रहेको कुल १३ रोपनी जग्गामा आश्रमका विभिन्न संरचना निर्माण भइरहेका छन् । हालसम्म एकान्तबासका लागि छुट्टै भवन, चार शय्याको स्वास्थ्योपचार भवन र कार्यालय भवन निर्माण भइसकेको छ । कार्यालय भवनमा करिब १५ जना अट्ने सभाहल तथा सचिव, लेखापाल र संयोजकका लागि छुट्टाछुट्टै कोठा छन् ।

आश्रमकी संयोजक अनिता अधिकारीका अनुसार आवासीय भवन, कम्पाउन्ड र गेटलगायतका काम पूरा गरेपछि नयाँ भवनबाट सेवा सञ्चालन गरिनेछ । त्यसका लागि थप खर्च लाग्नेछ । "हाल निर्माण भएका संरचनालाई पूर्ण रूपमा प्रयोगमा ल्याउन बाँकी काम सम्पन्न गर्नुपर्छ", उहाँले भन्नुभयो । आवासीय भवनमा ३५ महिला र ३५ पुरुष गरी ७० जनालाई राख्न मिल्ने संरचना तयार गर्ने लक्ष्य राखिएको छ ।

कुल १३ रोपनीमध्ये पाँच रोपनी जग्गा बालसपना समाजले मानवसेवा आश्रमलाई निःशुल्क उपलब्ध गराएको हो । पाँच रोपनी जग्गा आश्रमको नाममा पास भइसकेको छ भने बाँकी आठ रोपनी जग्गा बालसपना समाजकै नाममा छ । सो आठ रोपनी जग्गा पनि आश्रमले भोगचलनका लागि उपयोग गरिरहेको छ । आश्रमको आफ्नै भवन निर्माण २०७८ सालदेखि सुरु भएको हो । भवन निर्माणमा हालसम्म रु चार करोड ५७ लाख ६० हजार ४२८ खर्च भएको छ ।

भवन निर्माणका लागि प्रदेश सरकारबाट रु एक करोड ३१ लाख २७ हजार ८५३, स्थानीय तहबाट रु ८४ लाख ७५ हजार ९५, व्यक्तिगत तथा संस्थागत क्षेत्रबाट रु ७४ लाख ५९ हजार ९८३, महायज्ञबाट रु ९७ लाख ८२ हजार ८१० तथा मानवसेवा आश्रमको केन्द्रीय कार्यालयबाट रु ६९ लाख १४ हजार ६८७ प्राप्त भएको छ । निर्माणका क्रममा आश्रमले विभिन्न चुनौतीसमेत झेल्नुपरेको छ । कोभिड-१९ को प्रभाव र आर्थिक स्रोतको अभावसँगै पहिरोका कारण निर्माण प्रभावित भएको थियो । पहिरो नियन्त्रणमा करिब रु दुई करोड ५० लाख खर्च भएको आश्रमले जनाएको छ । आश्रमको दीर्घकालीन योजनाअनुसार करिब १०० जनालाई सेवा दिनसक्ने संरचना तयार हुनेछ । परिसरमा बालबालिकाका लागि खेलमैदान, मनोरञ्जन तथा दिवा सेवा केन्द्र र चारवटा गाई अट्ने गोठ निर्माण गर्ने योजना छ । हाल आश्रमले बैंसीसहर नगरपालिका-७ हाइस्कुल चोकस्थित भाडाको घरबाट सेवा दिइरहेको छ । आश्रममा अहिले नौ पुरुष, १३ महिला र सात वर्षीया एक बालिका गरी २३ जना छन् । उनीहरूको उमेर सातदेखि ७४ वर्षसम्म छ । विसं २०७३ चैत १२ गते लमजुङ शाखा स्थापना भएयता आश्रमको संरक्षणमा रहेका ६३ जना परिवारसँग पुनर्मिलन भएका छन् । यस्तै, २४ जनाको आश्रममै निधन भएको छ । आफ्नै भवन निर्माण सम्पन्न भएपछि आश्रमको सेवा थप व्यवस्थित र विस्तार हुने आश्रमले जनाएको छ ।


गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
मातृशिशु मितेरी प्रादेशिक अस्पताल
कास्की, पोखरा

**चमेनागृह (क्यान्टिन) संचालन गर्ने सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना ।**

दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/०६

उपरोक्त विषयमा यस अस्पतालको हाताभित्र बनेको चमेना गृहको आ.व. २०८३/०८४ र २०८४/०८५ सम्म (दुई आर्थिक वर्ष) को लागि मासिक भाडा रु. २२०००।- (अक्षेरुपी बाइस हजार रुपैया मात्र) कायम गरिएको र उक्त चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले अस्पतालले तय गरेका कार्यक्षेत्रगत शर्तहरुको अधिनमा रहि संचालन गर्न योग्यता पुगेका ईच्छुक फर्म/कम्पनीबाट शिलवन्दी दरभाउ पत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा यस अस्पतालबाट उपलब्ध गराईएको दरभाउपत्र खरिद गरि नियमानुसार दर्ता गर्नुहुन सूचित गरिन्छ । यस सम्वन्धी विस्तृत जानकारीको लागि यस अस्पतालको वेभसाइड- https://mmph.gandaki.gov.np हेर्नुहुन वा यस अस्पताल प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

**सिलवन्दी दरभाउपत्र सम्बन्धी विवरण**

सूचना प्रकाशन मिति : २०८३ साल असोज ६ गते
दरभाउपत्र खरिद गर्ने अन्तिम मिति : २०८३ असोज १२ गते कार्यालय समयभित्र
दरभाउपत्र पेश गर्ने अन्तिम मिति : २०८३ असोज १३ गते अप्रान्ह १२:०० बजेसम्म
दरभाउपत्र खोल्ने मिति, समय र स्थान : २०८३ असोज १३ गते अप्रान्ह १३:०० बजे
मातृशिशु मितेरी प्रादेशिक अस्पताल, पोखरा-१६, कास्की
दरभाउपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा : कार्यालय खुल्ने पहिलो दिनको कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सकिने र दोस्रो दिनको १२:०० बजेसम्म दरभाउपत्र पेश गर्ने र दरभाउपत्र खोल्ने मिति सोहि दिन अप्रान्ह १३:०० बजे)
दरभाउपत्र फाराम दस्तुर : रु. १,०००।- (फिर्ता नहुने)

**दरभाउपत्र फाराम बापत दस्तुर बुझाउने बैंक सम्बन्धी जानकारी**

| | |
|---|---|
| राजश्व शिर्षक नं. | १४२२९ |
| राजश्व शिर्षकको नाम | अन्य प्रशासनिक सेवा शुल्क |
| राजश्व दाखिला गर्ने बैंकको नाम र शाखा : | राष्ट्रिय बाणिज्य बैंक, पृथ्वीचोक शाखा |
| राजश्व खाता नं. : | १०००१००५०१००४००० |
| राजश्व जम्मा गर्ने कार्यालयको नाम : | मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की |
| कार्यालय कोड नं.: | ३७००१३९०४४ |

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट


# धवलागिरिको प्रशासकीय भवन निर्माण अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ असोज

म्याग्दीको धवलागिरि गाउँपालिकाको प्रशासकीय भवन निर्माण अन्तिम चरणमा पुगेको छ । करिब रु. आठ करोडको लागतमा धवलागिरि ा-३ घट्टेखोलामा विस. २०७९ देखि शुरु भएको सुविधायुक्त प्रशासकीय भवन निर्माण शुरु भएको थियो ।



हालसम्म ८८ प्रतिशत भौतिक प्रगति भएको भवन निर्माण कार्य सम्पन्न गरि जटि सक्दो छिटो कार्यालय सञ्चालनको तयारीमा जुटेको धवलागिरि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिष्णुप्रसाद पौडेलले बताउनुभयो । हाल साबिकको मुना गाविसको भवनमा तला र कोठा थप गरी सेवा प्रवाह गर्दै आएको गाउँपालिकाले घट्टेखोलामा स्थानीयबाट १४ रोपनी जग्गा निःशुल्क प्राप्त भएपछि सङ्घीय सरकारसँगको साझेदारीमा प्रशासकीय भवन निर्माणको योजना अघि बढाएको थियो । आव २०७९/८० मा प्रतिष्ठा-जुम्ली-माछापुच्छे जेभीसँग रु सात करोड ७१ लाख ८९ हजार ६६६ मा ठेक्का सम्झौता भएको थियो । निर्माण सामग्रीमा भएको मूल्य वृद्धि तथा सङ्घीय सरकारले भुक्तानी कर तिर्नुपर्ने दायित्वको रकम आउन ढिलाइ हुँदा निर्माण प्रभावित र ढिलाई भएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । म्याग्दीका पाँच गाउँपालिकामध्ये प्रशासकीय भवन बनाउने पहिलो बनेको धवलागिरिको तीनतले भवनमा २७ वटा कोठा, एक/एक वटा सभाहल र बैठक कक्ष हुनेगरी पूर्वाधार निर्माण भइरहेको छ ।

धवलागिरिमा प्रशासकीय भवनसँगै वडा कार्यालय, स्वास्थ्य चौकी भवन, सामुदायिक भवनहरू निर्माणले तीव्रता पाएको छ । धवलागिरि–७ ताकममा पाँच शैया क्षमताको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ । गुर्जा, मल्कबाङ, मुना र मुदीमा स्वास्थ्य चौकीका नयाँ भवन निर्माण भएका छन् । लमसुङ र मराङमा यसअघि नै स्वास्थ्य चौकीको भवन निर्माण भएका थिए । सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि धवलागिरि–२ लुलाङ, धवलागिरि–४ मुदी, धवलागिरि–६ मराङ र धवलागिरि–७ ताकममा वडा कार्यालयको नयाँ भवन निर्माण भइसकेको उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो । उहाँका अनुसार धवलागिरि–५ मल्कबाङमा गाउँपालिकाले निर्माण गरेको बहुउद्देश्यीय सामुदायिक भवनबाट सेवा प्रवाह हुँदै आएको छ । गाउँपालिकाले गुर्जामा पनि वडा कार्यालयको भवन निर्माणको योजना बनाएको उपाध्यक्ष पुनले बताउनुभयो ।